केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ १७ ⁄ ०७१ ⁄ ७२ मितिः २०७१ ⁄ ११ ⁄ २९

**“क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिम नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु ⁄ गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. २ को बुँदा १ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

**१.कर्जा सापटको वर्गिकरण**

इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा ⁄ सापटको साँवा वा ब्याज भुक्तानी हुनु पर्ने भाखा नाघेको अवधिका आधारमा सम्पूर्ण कर्जा सापटलाई देहाय बमोजिम वर्गिकरण गर्नु पर्नेछ :

(क) असल (Pass) : भाखा ननाघेका र ३ महिनासम्म भाखा नाघेका कर्जा ⁄ सापट ।

(ख) ***सुक्ष्म निगरानी (Watch List) : भाखा ननाघेका र ३ महिनासम्म भाखा नाघेका कर्जा ⁄ सापट ।***

(ग) कमसल (Sub-standard) : ३ महिनादेखि बढीमा ६ महिनासम्म भाखा नाघेका कर्जा ⁄ सापट ।

(घ) शंकास्पद (Doubtful) : ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका कर्जा ⁄ सापट ।

(ङ) खराब (Loss) : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा ⁄ सापट ।

असल र **सुक्ष्म निगरानी**मा रहेका कर्जालाई “सक्रिय कर्जा” (Performing Loan) र पुनरतालिकीकरण ⁄ पुनरसंरचना गरेका, कमसल, शंकास्पद तथा खराब कर्जालाई “निष्क्रिय कर्जा” (Non-performing Loan) भनी परिभाषा गरिएको छ ।

**देहायका कर्जा सापटलाई सुक्ष्म निगरानी (Watch List) अन्तर्गत वर्गीकरण गर्नुपर्नेछ :**

(क) भुक्तानी अवधि समाप्त भई साँवा तथा ब्याज तोकिएको अवधिभित्र भुक्तान नभएका कर्जा ⁄ सापट ।

प्रष्टिकरण : मासिक, त्रैमासिक वा अर्ध वार्षिक रुपमा भुक्तानी हुनुपर्ने किस्ता रकम वा साँवा वा ब्याज रकम सोही अवधिभित्र भुक्तान नभएका कर्जा ⁄ सापट यस शीर्षक अन्तर्गत वर्गिकरण गर्नुपर्नेछ ।

(ख) चालुपूँजी कर्जाको नवीकरण हुन नसकी अस्थायी रुपमा भुक्तानी अवधि बढाएर सक्रिय कर्जा अन्तर्गत रहेका कर्जा ⁄ सापट ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ग) तीन महिना भन्दा बढी अवधि रहेका पाउनुपर्ने रकम (Receivables) को सुरक्षणमा प्रवाहित कर्जा/सापट ।

(घ) तीन महिनाभन्दा बढी अबधि रहेका दिनु पर्ने रकम (Payables) स्वदेशी कच्चा पदार्थको भुक्तानी गरी नसकेका फर्म, कम्पनी वा संस्थामा प्रवाहित कर्जा/सापट ।

**उदाहरण:** कुनै उद्योगले चालुपूँजी कर्जा शीर्षक अन्तर्गत रु. २५ करोड कर्जा उपभोग गरेको छ र सोही अवधिमा कच्चा पदार्थ आपूर्तिकर्तालाई रु.२५ करोड तिर्न बाँकी छ, तर उक्त उद्योगसँग दिनु पर्ने रकम (Payables) र बैंक कर्जा रकम खाम्ने गरी स्टक तथा पाउनुपर्ने रकम (Receivables) नरहेको अवस्थामा त्यस्तो संस्थालाई प्रवाहित कर्जा/सापट यस शीर्षक अन्तर्गत वर्गीकरण गर्नुपर्नेछ ।

(ङ) ऋणीको अन्य बैंक वा वित्तीय संस्थामा रहेको कर्जा निष्क्रिय कर्जामा वर्गीकरण भएमा ।

(च) साँवा र व्याज नियमित रुपमा भुक्तानी भएतापनि ऋणी फर्म, कम्पनी वा संस्थाको लगातार दुई वर्ष देखि खुद चालु पूँजी/नगदप्रवाह/नेटवर्थ ऋणात्मक भएका कर्जा/सापट ।

यस प्रयोजनको लागि खुद चालु पूँजी भन्नाले फर्म, कम्पनी वा संस्थाको चालु सम्पत्तिबाट चालु दायित्व घटाएर हुन आउने रकम सम्झनु पर्दछ ।

(२) यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. २ को बुँदा ९ को उपबुँदा (१) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

**९. कर्जा नोक्सानी वापत कायम गर्नु पर्ने व्यवस्था:**

(१) यस निर्देशन बमोजिम वर्गिकरण गरिएका कर्जा तथा बिल्स खरिदहरुको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-

| क. स | कर्जा वर्गीकरण | न्युनतम कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|
| (क) | असल | १ प्रतिशत |
| **(ख)** | **सुक्ष्म निगरानी (Watch List)** | **५ प्रतिशत** |
| (ग) | कमसल | २५ प्रतिशत |
| (घ) | शंकास्पद | ५० प्रतिशत |
| (ङ) | खराव | १०० प्रतिशत |

(३) यस बैंकबाट मिति २०७१/०९/११ मा जारी गरिएको वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी व्यवस्थाको बुँदा नं. ९ को खण्ड (क) मा देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छ ।

*"तर इलेक्ट्रोनिक माध्यमबाट हुने चेक क्लियरिङ्गका सम्बन्धमा रु दुई लाख भन्दा कम रकमको चेक क्लियरिङ्ग कारोबारमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकहरुसँग कुनै किसिमको शुल्क लिन पाइने छैन ।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(४)यस बैंकबाट जारी भएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. २२ को बुँदा नं. ३५ को उपबुँदा नं. (२) लाई खारेज गरिएको छ ।

(५)यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको निर्देशन जारी गरिएको छ ।

*“इजाजतपत्रप्राप्त संस्थाको प्रमुख कार्यकारी अधिकृत पद रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । त्यसैगरी इजाजतपत्रप्राप्त संस्थाले व्यवस्थापकीय पद भनी तोकेका पदहरु समेत रिक्त भएको तीन महिनाभित्र अनिवार्य रुपमा पदपूर्ति गरिसक्नु पर्नेछ । सम्बन्धित संस्थाले सोही बमोजिमको व्यवस्था आफ्नो कर्मचारी सेवा विनियमावलीमा समेत उल्लेख गर्नुपर्नेछ ।”*

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।